

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क ५० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ फागुन २१ गते आइतबार ❑ 5 March 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## गलत विचारलाई पराजित गर्न बौद्धिक सङ्घर्ष आवश्यक : अध्यक्ष ओली

**रासस**
काठमाडौं, २० फागुन

नेकपा (एमाले) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले गलत विचारलाई पराजित गर्न बौद्धिक सङ्घर्ष आवश्यक रहेको बताउनुभएको छ।

भक्तपुरको गठ्ठाघरमा आज आयोजना गरिएको नेपाल बुद्धिजीवी परिषद्को केन्द्रीय समितिको बैठकमा उहाँले देशको पक्षमा राम्रो गर्न खोज्दा सबै तिरबाट एमाले माथि प्रहार भएको गुनासो गर्नुभयो । बिनाप्रयास, बिनामिहेनत नलडी कोही विजेता नहुने उल्लेख गर्दै अध्यक्ष ओलीले विभिन्न सञ्चारमाध्यम, सामाजिक सञ्जाललगायत प्रयोग गरेर बौद्धिकजगत्मा हाबी हुन बुद्धिजीवीलाई आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "जनतालाई भ्रममा पार्न, जनतालाई सचेत हुन नदिन केही शक्ति सफल भएका छन्, जनतालाई भ्रममा पार्न खोज्ने, अल्मल्याउने, पथभ्रष्ट पार्न खोज्ने शक्तिको जञ्जालबाट जनतालाई मुक्त गर्न बुद्धिजीवीले बिगुल फुक्नु आवश्यक छ।"

बुद्धिजीवीले गलत बाटोमा हिँडेकालाई सही र सुल्टो बाटो देखाउन, परिवर्तन र रुपान्तरणको बाटो देखाउन आवश्यक रहेको उहाँको भनाइ थियो । अध्यक्ष ओलीले भन्नुभयो, "लगातार सय जना विरोधीले तपाइँको विरोध गरे भने नकारात्मक टिप्पणी गरे भने नआत्तिनूस्, तपाइँको विचारबाट उनीहरू तर्सिए, आत्तिए भन्ने बुझ्नूस् ।" बुद्धिजीवीलाई पढ्न, विषयको अध्ययन गर्न र लेख्न आग्रह गर्दै अध्यक्ष ओलीले तयारीका साथ सङ्गठित भएर गलत विचारविरुद्ध सही विचार प्रवाह गर्न सबैमा आग्रह गर्नुभयो । उहाँले बुद्धिजीवीलाई निरन्तर लेखिरहन सुझावसमेत दिनुभयो। कार्यक्रममा परिषद्का केन्द्रीय अध्यक्ष डा दिनेशचन्द्र देवकोटाले माओवादी केन्द्रले एमालेमाथि कुठाराघात गरेको आरोप लगाउनुभयो। बुद्धिजीवी परिषद् पार्टीसँग एकाकार भएर अगाडि बढ्ने उल्लेख गर्दै उहाँले एमालेको ग्रासरुट अभियानलाई सफल पार्न लागिपरेको बताउनुभयो । सो अवसरमा परिषद्को साङ्गठानिक प्रतिवेदन महासचिव गजेन्द्रप्रसाद थपलियाले, आर्थिक प्रतिवेदन कोषाध्यक्ष गोपीकृष्ण न्यौपानेले तथा समसामयिक प्रस्ताव सुशील बिकेले पेस गर्नुभएको थियो भने त्यसमाथि देशभरबाट सहभागीबीच छलफल गरिएको थियो । कार्यक्रममा एमाले केन्द्रीय सदस्य एवं परिषद्का इन्चार्ज मनोजजङ्ग थापा, परिषद्का उपाध्यक्ष डा दीपेन्द्र भण्डारी, उपमहासचिव गोविन्द्रबहादुर शाहीलगायतले देशको वर्तमान राजनीतिक परिवेशमा बुद्धिजीवीले खेल्नुपर्ने भूमिकाबारे चर्चा गर्नुभएको थियो।

## फेवातालमा डुंगा पल्टदा बृद्धाको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, २० फागुन

पोखराको फेवातालमा डुङ्गा पल्टिएर बेहोस भएकी एक बृद्धाको मृत्यु भएको छ।

शनिबार दिउँसो करिब ४:१० बजेको समयमा एक्कासी चलेको हावाहुरीले डुङ्गा पल्टिएर पानीमा डुब्न पुगेकी पोखरा महानगरपालिका वडा नम्बर १ बगर निवासी ७० वर्षिया बृद्धा याममाया गिरीको मृत्यू भएको प्रहरीले जनाएको छ । पोखरा महानगरपालिका १ बगरको एकै परिवारका पाँचजना सवार डुङ्गा पल्टिदा अन्य चार जनालाई स्थानिय युवा तथा सुरक्षाकर्मीको सहायताले तत्काल सकुसल उद्धार गरिएको कास्कीका प्रहरी प्रवक्ता डि.एस.पी. श्रवणकुमार बिकले बताए । डुङ्गामा सवार भएका ५ जनाले लाइफ ज्याकेट लगाए पनि वृद्धा डुङ्गा मुनि परेकोले बेहोस भएकी बृद्धाको उद्धार गरी गण्डकी मेडिकल कलेज पुराएसंगै अस्पतालले मृत घोषणा गरेको थियो।

हवाहुरीले तालमा डुङ्गा पल्टदा डुङ्गामा सवार भएका ४ जना तालमा तैरिएको अबस्थाबाटै सकुशल उद्धार गरिएको स्थानियले बताए । उक्त डुङ्गा पोखराको तालवाही मन्दिर भन्दा दक्षिण पट्टिको भागमा पल्टिन पुगेको थियो। उक्त डुङ्गा पल्टदा याममाया गिरीकी छोरा राजु गिरी, बुहारी कुमारी गिरी, नाती बिशाल गिरी र नातिनी एलिजा गिरीको सामान्य उपचार पछि हाल घर फर्किएको पोखरा १ का वडा सदस्य शोभा गुरुङ्ले पोखरापत्रलाई बताईन्। याममायाको शव पोष्टमाटमको लागि पश्चिमाञ्चल क्षेत्रिय अस्पताल(पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान) मा राखिएको उनले जनाइन् । एकै घरका ५ जना फेवाताल घुम्न गएको अबस्थामा एकाएक हावाहुरी आउदा डुङ्गा पल्टना पुग्दा लाइफ ज्याकेट लगाए पनि डुङ्गा मुनि परेका कारण याममायाको निशासियर तथा पानी खायर मृत्यु भएको हुन सक्ने फेवा डुंगा व्यावसायी संगठनका अध्यक्ष बुद्धि बहादुर नेपालीले बताए।

## दण्ड र पुरस्कारको असल अभ्यास नै शासनप्रणाली हो : प्रधानमन्त्री

**रासस**
काठमाडौं, २० फागुन

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले दण्ड र पुरस्कारको असल अभ्यास नै राज्यव्यवस्था र शासनप्रणाली भएको बताउनुभएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा शनिबार 'तलव सुविधा उच्चस्तरीय आयोग'को प्रतिवेदन बुझ्दै प्रधानमन्त्रीले दण्ड र पुरस्कारको असल अभ्यास गरेर मात्र सुशासन र समृद्धिको आधार तयार पार्न सकिनेमा जोड दिनुभएको हो । प्रधानमन्त्रीले भन्नुभयो, "तपाईहरूको प्रतिवेदनमा कर्मचारीहरूले तलबमानका साथै अर्थतन्त्रको स्थिति, चुनौती र सम्भावनाको संक्षेपमा अध्ययनसमेत रहेछ, यसले सरकारको आगामी नीतिका लागि सहयोग पुग्नेछ । शासन व्यवस्था भनेकै दण्ड र पुरस्कारको असल अभ्यास नै हो । हाम्रो कर्मचारी प्रशासनमा पनि त्यो लागू गर्नुपर्दछ।" कर्मचारीको सेवा सुविधा कम हुँदा एकातर्फ कार्यक्षमतामा ह्रास आउने र अर्कोतर्फ वित्तीय अराजकता पनि बढ्ने खतरा रहेको देखिएको उल्लेख गर्दै प्रधानमन्त्रीले भन्नुभयो, "तलबले जीवनयापनका निम्ति पर्याप्त आधार तयार नहुँदा विदेसिनुपर्ने बाध्यता, वित्तीय अराजकता निम्तने जोखिमका उदाहरण पनि हामीकहाँ छन् । त्यसैले आजको परिस्थिति र आवश्यकताअनुसार कर्मचारीको तलबमान र सेवासुविधामा पुनर्विचार गर्न आवश्यक छ ।" उहाँले सरकार उच्चस्तरीय प्रशासन सुधार आयोग गठनको अन्तिम तयारीमा रहेको जानकारी दिनुभयो । "यो प्रतिवेदनले त्यसका लागि मद्दत पुग्ने मैले देखेको छु" उहाँले भन्नुभयो, "देशका लागि कुन कुन संरचना र कति कर्मचारी आवश्यक हो त्यसको उचित अध्ययन गरेर निर्मम निर्णय लिन आवश्यक छ। यसो नगर्दा राज्यलाई थप भार हुने तर परिणाम नदेखिने समस्या झेलिरहनुपर्ने हुन्छ।" सो अवसरमा प्रधानमन्त्रीले आयोगको प्रतिवेदनमा उल्लेखित नीतिगत विषयमा गृहकार्य गर्दै जाने, कानुनी विषय सङ्घीय निजामति ऐनमा नै व्यवस्था गर्ने र व्यवहारिक सुझाव तत्काल कार्यान्वयनमा लैजाने बताउनुभयो। प्रतिवेदन हस्तान्तरण गर्दै आयोगका संयोजक लीलामणि पौडेलले प्रतिवेदनमा नेपालको अर्थतन्त्रको संक्षिप्त विश्लेषण, दक्षिण एसियाली मुलुकमा कर्मचारीको सेवा सुविधाको अवस्था, सेवा सुविधासम्बन्धी नयाँ प्रस्ताव रहेको जानकारी दिनुभयो।

उपचार खर्च, बिदासम्बन्धी व्यवस्था, कर्मचारी आवाससम्बन्धी व्यवस्था, यातायात सुविधासम्बन्धी व्यवस्था र वर्तमानमा देखिएका बेथितिको नियमनसम्बन्धी व्यवस्था समेटिएको छ । प्रतिवेदनमा कर्मचारी दरबन्दीमा कटौती, एक पद एक पेन्सन नीति, दोहोरो तलब र पेन्सनको नियमन, पेन्सनबाट राज्यलाई पर्ने भारमा कटौती गर्ने विकल्प, श्रमिकहरूको न्यूनतम ज्याला निर्धारणका लागि सुझाव दिइएको छ।

सामाजिक सुरक्षा भत्ता र राजस्व छुटसम्बन्धी नयाँ व्यवस्थाको प्रस्ताव, वैदेशिक अनुदानको परिचालनसम्बन्धी राष्ट्रिय नीति, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको नियमन, कर्मचारीको कार्यविवरणको मूल्याङ्कनलगायतका विषय प्रतिवेदनमा समेटिएको उहाँले जानकारी दिनुभयो। पूर्व मुख्यसचिव पौडेलको संयोजक तथा बिमल वाग्ले र शिवदेव पाण्डे सदस्य रहनेगरी गठन भएको आयोगलाई तीन महिनाभित्र प्रतिवेदन पेस गर्ने कार्यादेश दिइएको थियो।

## आयोजक गन्नी एफसीलाई फ्लो फ्लो कपको उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, २० फागुन

प्रथम फ्लो फ्लो कपको उपाधी आयोजक गन्नी एफसी निलोले जितेको छ। उपाधी संगै गन्नी एफसीले नगद २ लाख ११ हजार १ सय ११, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरे।

फाइनल खेलमा निर्धारित समयमा १-१ को बराबरीमा सकिएपछि टाइब्रेकरमा ३-२ गोल अन्तरले सी फोर्टिन रत्नचोक एफसीलाई पराजित गर्दै उपाधी हात पारेको हो । खेलको पहिलो हाफमा रत्नचोकका मनोज नेपालीले गोल गर्दै अग्रता लिएको भएतापनि दोश्रो हाफमा भने रत्नचोक चुक्न पुग्यो । दोश्रो हाफको सुरुमा गन्नीका युनिक गुरुङ्ले सी फोर्टिनका खेलाडीलाई लडाएपछि रेडकार्ड पाएर गन्नी ६ खेलाडीमा सिमित हुन पुगेको भएतापनि दोश्रो हाफको बीचमा गन्नीका सुनिल गोतामेले एक गोल गर्दै खेल बरावरीमा ल्याएका थिए । प्रतियोगिताको उपबिजेता सी फोर्टिन रत्नचोकले नगद १ लाख ५ हजार ५ सय ५५, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्न सफल भए। खेलमा म्यान अफदी म्याचको उपाधी गन्नी एफसीका सुनिल गोतामेले हात पारे। त्यसैगरी प्रतियोगितामा गन्नीका आकाश रानाभाटले सवोत्कृष्ट खेलाडीको उपाधी सहित ट्रफी र नगद ७ हजार प्राप्त गरे । त्यसैगरी सर्वाधिक गोलकर्ता गन्नीकै गणेश क्षेत्रीले नगद ५ हजार प्राप्त गरेभने उत्कृष्ट गोलरक्षकको उपाधी सी फोर्टिनका गोल रक्षक प्रविण गुरुङ घोषित भए। उपाधी संगै गुरुङ्ले नगद ५ हजार प्राप्त गरे।

## त्रिशुली किनारमा अब प्याराग्लाईडिङ गर्न पाइने

**पोखरापत्र संवाददाता**
पोखरा, २० फागुन

विभिन्न पहाडी क्षेत्रका डाँडा र शहर क्षेत्रमा प्याराग्लाईडिङ हुदै आए पनि अब भने त्रिशुली नदी माथिको आकाशमा समेत प्याराग्लाईडिङ गर्न पाइने भएको छ । हिमालय फन्टियर्स प्याराग्लाईडिङ कम्पनीले अब त्रिशुलीबाट समेत प्याराग्लाईडिङ गर्ने व्यबस्था मिलाएको छ।

विगत केही बर्ष देखि पोखरा क्षेत्रमा व्यवसायीक प्याराग्लाईडिङ गर्दै आएको हिमालय फन्टियर्सले अब उक्त क्षेत्रमा प्याराग्लाईडिङ गर्ने अनुमति प्राप्त गरेसंगै आउँदो चैत १५ गते देखि भने व्यवसायीक (टेण्डम) उडान गर्ने भएको हो । दासढुंगा, कविलास, त्रिशुली नदी, चौकी डाँडा लगायतको क्षेत्रको आकाशमा हावासंग कावा खादै अब पर्यटकहरुले प्याराग्लाईडिङ गर्न पाउने भएको हिमालय फन्टियर्स प्याराग्लाईडिङ कम्पनीका संचालक शैसेन्द्र राउतले बताए।



प्रधान कार्यालय पोखरा रहने गरी आफ्नो शाखाको रुपमा त्रिशुलीमा उक्त कार्यालय रहे पनि कम्पनीले पोखरामा ६ र त्रिशुली नदी क्षेत्रमा १० पाइलटको समेत अनुमति प्राप्त गरेको संचालक राउतले बताए।

आफुहरुले विगत एक बर्ष देखि उक्त क्षेत्रमा प्याराग्लाईडिङको सम्भावना देखेर परिक्षण उडान देखि आवश्यक तयारी गरिएको उनले जनाए । केही समय पछि उक्त क्षेत्रबाटै आकाश, जल र जमिनमा खेल्न मिल्ने सहासिक तीन खेलको त्रिवेर्णीको रुपमा विकास गर्न आफुहरुले खोजेको संचालक राउतले जनाए।

समुद्री सतह देखि १ हजार ८० मिटरको उचाईमा रहेको चितवन भरतपुर महानगरपालिका २९ को प्याराग्लाइडिङ उडान गर्ने चौकीडाँडाबाट करिब ६ किलोमिटर तल्लो भेग त्रिशुली नदी किनारामा पर्दछ।

हाल पोखरामा प्याराग्लाईडिङ गरेको प्रति व्यक्ति ८ हजार रुपैया तिर्नुपर्न हुन्छ भने त्रिशुली क्षेत्रमा प्याराग्लाईडिङ गर्दा भने करिब ६ हजार तिरे पुग्छ । सौराह आउने पर्यटकहरुको लागि र पूर्व, पश्चिम तथा चितवन पोखरा, चितवन काठमाण्डौं जाने सडक खण्ड चितवन मुग्लिङ सडकखण्डको राजमार्गमा पर्ने भएकोले गर्दा साहासिक पर्यटकहरुको राम्रो गन्तव्य नै हुने राउतले विश्वास लिएका छन।

नेपाल नागरिक उड्डयन प्राधिकरण(क्यान)ले चौकीडाँडा देखि एक नटिकल माइल (१.८५ किलोमिटर रेडिएस) मा प्याराग्लाईडिङ गर्न उक्त कम्पनीलाइ अनुमति दिएको बताइन्छ । कम्पनीले उक्त प्याराग्लाईडिङ गर्दा सुरक्षा र सेफ्टीको हिसावले त्रिशुली नदी किनारा र हरियो वन जंगल भएकोले त्यसलाई उचित ढंगले प्रयोग गर्ने भएको छ।

## स्ववियु निर्वाचनमा सत्तारुढ दलका विद्यार्थीबीच सहकार्य

**पोखरापत्र संवाददाता**
पोखरा, २० फागुन

त्रिभुवन विश्वविद्यालय (त्रिवि)मा आगामी चैत ५ गते हुने स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनमा सत्तारुढ गठबन्धन निकटका विद्यार्थी सङ्गठनले सहकार्य गर्ने भएका छन्।

स्ववियु निर्वाचनमा नेपाल विद्यार्थी सङ्घ, अनेरास्ववियु (क्रान्तिकारी), अनेरास्ववियू, समाजवादी विद्यार्थी युनियन लगायतका सत्तारुढ गठबन्धन दलका भातृसङ्गठन बीच सहकार्य गरेर जाने सहमति भएको अनेरास्वयिु (क्रान्तिकारी)का अध्यक्ष पञ्चा सिंहले जानकारी दिनुभयो । उहाँले विद्यार्थी आन्दोलन जोगाउन आठ विद्यार्थी सङ्गठन सहकार्य गरेर अगाडि बढ्ने सहमति भएको बताउनुभयो। यही फागुन १९ गते स्ववियु निर्वाचनका लागि विद्यार्थी सङ्गठनले क्याम्पसमा नाम दर्ता गराएका छन् । ती विद्यार्थी सङ्गठनले छुट्टाछुट्टै सङ्गठनको नाम दर्ता गराएका हुन् । आगामी चैत ५ गते देशभरिका त्रिविका ६२ आङ्गिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पसमा हुँदैछ। कार्यतालिकाअनुसार यही फागुन २१ गते मतदाता सूची प्रकाशन, फागुन २७ गते बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म समानुपातिक तथा प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता गरिनेछ । यस्तै स्ववियु निर्वाचन चैत ५ गते बिहान ८ बजेदेखि दिउँसो ४ बजेसम्म तोकिएको तोकिएको छ।



# तेश्रो शितल ज्योति कपमा आयोजक शितल ज्योतिको विजयी सुरुवात

पोखरापत्र संवाददाता
पोखरा, २० फागुन



तेश्रो शितल ज्योति कप सेभेन ए साइड फुटवल प्रतियोगितामा आयोजक शितल ज्योति युवा क्लवले विजयी सुरुवात गरेको छ।

पोखराको अम्मरसिंह खेल मैदानमा शनिबार भएको उद्घाटन खेलमा आयोजक शितल ज्योतिको जुनियर समुह बी टिम ले सागर फुटवल क्लवलाई टाईब्रेकरमा ३–१ को गोल अन्तरले पराजित गर्दै विजयी सुरुवात गरेको हो। २०/२० मिनेटको निर्धारित समयमा दुवै तर्फ एक/एक गोलले खेल बराबरीमा पुगे पछि खेल टाईब्रेकरमा धकेलिएको हो। शितल ज्योतिको जितमा टाईब्रेकरमा प्रतिक गुरुङ, गोपाल गुरुङ र प्रशान गुरुङले गोल गरे। सागर एफ.सी.का याम गुरुङको टाईब्रेकरमा प्रहार गरेको सुट गोल हुन सकेन भने रोसन गुरुङले प्रहार गरेको पेनाल्टी सुटमा गोल भएको थियो। शितल ज्योतिका गोपाल गुरुङले र सागर एफ.सी.का याम गुरुङले निर्धारित समयमा एक/एक गोल गर्दा खेल बराबरीमा पुगेको थियो।

आइतबार बिहान ८:०० बजे देखि पहिलो चरणको खेल सुरु हुने भएको प्रतियोगिता संयोजक सन्तोष गुरुङले बताए। उनका अनुसार आइतबार ६ वटा खेलहरु हुने भएको छ। यही फागुन २७ गतेसम्म चल्ने उक्त प्रतियोगिताको एक समारोहका बिच शनिबार उद्घाटन गर्दै पोखरा महानगरपालिकावडानम्बर१२का वडा अध्यक्ष सन्तोष बाँस्तोलाले यस्ता खेलकुद गतिविधिले युवाहरुलाई सक्रिय बनाउने बताए। क्लवले सामाजिक कार्यसँगै खेलकुद क्षेत्रमा निरन्तर विभिन्न कार्यक्रम गर्दै आएकोमा उनले प्रशंसा समेत गरे। क्लवका आजिवन संरक्षक टिका बहादुर कार्कीले क्लवले अब सेभेन ए साइड फुटवलबाट माथि उठेर फुटवल प्रतियोगिता आयोजना गर्न तर्फ केन्द्रित हुन सुझाव दिए। क्लवका अध्यक्ष नर प्रसाद गुरुङको अध्यक्षतामा सम्पन्न भएको उद्घाटन सत्रमा हिमाली साँस्कृतिक परिवारको स्वागत नृत्य समेत प्रस्तुतः गरिएको सचिव पुर्ण गुरुङले बताए।

प्रतियोगितामा २९ टिमको सहभागिता भएको संयोजक सन्तोष गुरुङले बताए। प्रतियोगिताका बिजेताले १ लाख ५५ हजार ५ सय ५५, उपविजेताले ८५ हजार ५ सय ५५ रुपैयाको साटमा ट्रफी मेडल र प्रमाणपत्र वितरण गरिने भएको उनले जनाए। सेमिफाइनलमा प्रबेश गर्ने टिमलाई १० हजार, प्रतियोगिताको क्वाटरफाइनलबाट म्यान अफ दी म्याच घोषित गरिने भएको छ। प्रतियोगितामा उत्कृष्ट खेलाडीलाई माउण्टेन वाइक पुरस्कार वितरण गरिने भएको क्लवका अध्यक्ष नर प्रसाद गुरुङले बताए। प्रतियोगितामा उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेण्डर, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट सर्वाधिक गोलकर्ता, उत्कृष्ट प्रशिक्षकलाई जनही ५ हजारको साथमा ट्रफी प्रदान गरिने भएको छ।

उक्त प्रतियोगितामा क्लवका पूर्व खेलाडी स्वर्गीय किरण खड्का परिवारबाट पहिलो पुरस्कार प्रायोजन गरेको छ भने द्वितिय पुरस्कार पोखरा १२ को वडा कार्यालय रहेको क्लवका सचिव पुर्ण गुरुङले बताए। यस अघि पूर्व खेलाडी स्वर्गीय किरण खड्काको स्मृतिमा उक्त प्रतियोगिता संचालन भएको क्लवले जनाएको छ। स्थानिय खेलाडी उत्पादन गर्ने उद्धेश्यले उक्त प्रतियोगिता आयोजना गरिएको संयोजक गुरुङले बताए।



एसईई परीक्षामा सहभागी हुनेलाई शुभकामनाः पोखरा महानगरपालिका वडा नं १३ स्थित भद्रकाली माविमा कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुले २०७९ को एसईई परीक्षमा सहभागी हुने विद्यार्थीहरुलाइ शनिवार गरिएको शुभकामना कार्यक्रम। फोटो- पोखरापत्र

# रत्नमानले ल्याए तीन भाषाको पुस्तक

पोखरापत्र संवाददाता
पोखरा, २० फागुन

शिक्षासेवी रत्नमान गुरुङले नेपाली, अङ्ग्रेजी र गुरुङ भाषासम्बन्धी पुस्तक बजारमा ल्याएका छन्।

गुरुङको पहिलो कृति 'भाषा, व्याकरण र गुरुङ वाक्यविज्ञानः एक परिचय' नामक कृतिको शनिबार पोखरामा आयोजित एक कार्यक्रममा साहित्यकार सरुभक्तले लोकार्पण गरे। २००८ मा लमजुङको करापुमा जन्मेर पोखराको रामघाटस्थित टप्स बोर्डिङ स्कुलका संस्थापक तथा प्रधानाध्यापकका रहेका गुरुङ करिब ४ दशकदेखि शैक्षिक क्षेत्रमा क्रियाशील छन्। प्याब्सन, कास्की, नेल्टा कास्की र रोटरी क्लब अफ मिडटाउनका पूर्व अध्यक्ष उनी हाल गुरुङ प्राज्ञिक तथा व्यावसायिक मञ्चका अध्यक्ष हुन्।




नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका पूर्व कुलपति सरुभक्तले उनलाई भाषा र साहित्य क्षेत्रका रत्नका रूपमा उदाएको धारणा राखे। लामो समयदेखि सङ्गत गरे पनि गुरुङभित्रको सिर्जनात्मक क्षमता भने आफूलाई थाहा नभए स्मरण गर्दै गुरुङ भाषा विज्ञान जस्तो गहन विषयमा कृति प्रकाशन गर्नु आफ्ना लागि सुखद आश्चर्य भएको सुनाए। साहित्यकार हुनु र भाषाविद् हुनु फरक कुरा भएको उनको भनाइ थियो। हाम्रा मातृभाषाहरू लोपोन्मुख अवस्थामा पुगिरहेको अवस्थामा रत्नमानद्वारा लिखित यो पुस्तक आउनुले भाषा संरक्षणका लागि सत्प्रेरणा प्रदान गर्ने छ, सरुभक्तले भने, 'भाषिक समुदाय वर्गीकृत भएर होइन, एकीकृत भएर अघि बढेमा मातृभाषाहरूको संरक्षण गर्न सकिन्छ। एउटाको कार्यक्रममा अर्को समुदायलाई बोलाऊँ र एउटा समुदायको मानिस अर्को समुदायको कार्यक्रमा जाने गरौं।' गुरुङ भाषाको संरक्षणका लागि रत्नमानको प्रयास स्तुत्य रहेको भन्दै उनले साहित्य र भाषाका अन्य पक्षमा पनि निरन्त लेखनमा लाग्न सुझाव दिए।

कृतिको समीक्षा गर्दै पृथ्वीनारायण क्याम्पसका नेपाली विभाग प्रमुख प्रा. डा. कुसुमाकर न्यौपानेले गुरुङ, नेपाली र अङ्ग्रजी भाषाका अध्येताका लागि गतिलो पुस्तकका रूपमा उक्त कृतिलाई चित्रण गरे। कृतिको पहिलो भागमा भाषा, व्याकरण र लिपिका बारेमा बृहत् चर्चा गरिएको र दोस्रो भागमा गुरुङ वाक्यविज्ञानसम्बन्धी जानकारी राखिएको उनले बताए। कृति गुरुङ समुदायले मात्र नभई सबै नेपाली भाषाप्रेमीहरूले गौरव गर्न लायक मानक बनेको डा. न्यौपानेको भनाइ थियो।

लेखक गुरुङले आफ्नो अध्ययन गर्ने बानीको उपज यो पुस्तक भएको अनुभव सुनाए। विशेष गरी कोरोना कालमा गरिएको अध्ययनलाई समेटेर कृति लेखनमा लगेको बताउँदै उनले अहिले वाक्यविज्ञानका विषयमा पुस्तक लेखे पनि क्रमशः ध्वनिविज्ञान, वर्णविज्ञान, अर्थविज्ञान आदिमा पनि कलम चलाउँदै जाने बताए। संस्कृति जोगाउनका लागि भाषा जोगाउनुपर्ने आफ्नो मान्यता रहेको उनले बताए। गुरुङ मातृभाषासम्बन्धी चासो भएका तर ज्ञान नभएका नेपालभित्र र डायस्पोराका युवा पुस्ताले स्वाध्ययन र शोककार्यका लागि पनि आफ्नो पुस्तक उपयोगी हुने उनको तर्क थियो। अङ्ग्रेजी र नेपालीसहित गुरुङ भाषासम्बन्धी भाषावैज्ञानिक विषयवस्तु समेटिएकाले पनि कृतिप्रति साम्प्रदायिक आँखा मात्रै नलगाइदिन उनको आग्रह थियो।

गीतकार तथा तुम धीं युकेका सल्लाहकार एकेन्द्र गुरुङले गुरुङ समुदायका एक उदाहरणीय प्राज्ञिक व्यक्तित्वका रूपमा रत्नमान गुरुङलाई चिनाए।

कृतिकी प्रकाशक भक्तिदेवी गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा गुरुङ प्राज्ञिक तथा व्यावसायिक मञ्चका पूर्व अध्यक्ष सुन्दर गुरुङ, शिक्षाविद् जर्ज जोन, साहित्यकार रुपिन्द्र प्रभावी, तमु धीं नेपालका अध्यक्ष हुमबहादुर गुरुङ, तुम पे ल्हु सङ्घका अध्यक्ष हितकाजी गुरुङ, अधिवक्ता जुनाकुमारी गुरुङ, बौद्ध अर्घौं सदनका अध्यक्ष भुवनसिंह गुरुङ, तमु छोंज धीं केन्द्रीय प्रतिनिधि विष्णु गुरुङ, गुरुङ साहित्यिक मञ्चकी अध्यक्ष गौरी तमु, साहित्यकार रामचन्द्र घिमिरे 'शास्त्री', रोधीं टेलिभिजनकी प्रबन्ध निर्देशक बालकाशी गुरुङलगायतले शुभकामना दिएका थिए।

पोजोको तुम समाज र टप्स बोर्डिङ स्कुलका विद्यार्थीहरूद्वारा सांस्कृतिक प्रस्तुतिसमेत राखिएको कार्यक्रमको सञ्चालन सोही विद्यालयका सहायक प्रधानाध्यापक तथा कवि चित्रकुमार गुरुङले गरेका थिए।

# आनन्द ज्योति माविको ५० औं वार्षिकोत्सव

पोखरापत्र संवाददाता
पोखरा, २० फागुन

पोखरा महानगरपालिका ३१ बेगनासमा अवस्थित श्री आनन्द ज्योति माध्यमिक विद्यालयको ५० औं वार्षिकोत्सव एवं अभिभावक दिवस कार्यक्रम सम्पन्न भएको छ।

बुधबार विद्यालयले एक कार्यक्रमको आयोजना गरि ५० औं बार्षिकोत्सव एवं अभिभावक दिवस तथा पुरस्कार बितरण कार्यक्रम सम्पन्न गरेको हो। कार्यक्रममा गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री खगराज अधिकारीले सामुदायिक बिद्यालयहरुको शैक्षिक गुणस्तर बढाउन अभिभावकको भुमिका सबैभन्दा महत्वपुर्ण हुने भन्दै हिजोको भन्दा आज केहि सुधार भएको भए पनि अझै आवस्यक सुधार हुन भने नसकेको बताउनुभयो। अभिभावकलेआफ्ना बच्चाहरुलाई निजिमा लैजान प्रतिस्पर्धा गर्ने तर सामुदायिक बिद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न प्रयास नगरेको कारण नै सामुदायिक विद्यालयहरुको गुणस्तर कमजोर बन्दै गएको उहाँको भनाई थियो। आफैले पढेको बिद्यालयको बार्षिकोत्सव




कार्यक्रममा प्रमुख अतिथी बनेर पुगुभएका मुख्यमन्त्री अधिकारीले १८ बर्ष अगाडी बेगनासमा भएको सडक दुर्घटनामा परि गुमेका आफ्ना समकालिन साथीहरुको सम्फनामा गर्दै भावुक बन्नुभयो भने बाल्यकालमा त्यही बिद्यालयमा भौतिक पुर्वाधारको अभावका बिच अध्ययन गरेको स्मरण गर्नुभयो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तिर्थराज अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अर्थ मन्त्रालयका उपसचिब बसन्तराज तिवारी, शिक्षक अभिभावक संघका अध्यक्ष सन्दिप अधिकारी, नेपाली काङ्ग्रेसका श्रीराम कँडेल, नेकपा एमालेका गणेश बहादुर थापा, राप्रपाका प्रकाशचन्द्र तिवारी, अमरसिंह माबि पचभैयाका प्रधानध्यापक विष्णु पौडेल,शिक्षक सत्यराज कँडेल लगायतले बोल्नु भएको थियो।

कार्यक्रमको संचालन शिक्षक बसन्त पहारीले गर्नु भएको थियो भने प्रध्यानाध्यापक शिवराज अधिकारीले विद्यालयको बार्षिक प्रतिवेदन प्रस्तुत गरेका गर्नु भएको थियो। सो अवसर १० लाख रुपैयाँको गुरु प्रसाद अक्षयकोष र १ लाख ११ हजार १ सय ११ रुपैयाँको छबिलाल सरास्वती अक्षयकोष स्थापना भएका छन्। इञ्जियर चिरञ्जिबी तिवारी र रमा तिवारीले बुबा गुरुप्रसाद तिवारीको नाममा १० लाख रुपैयाँको अक्षयकोष र डाक्टर श्रीप्रसाद कँडेल, शिवराज कँडेल, शुक्रराज कँडेल र श्रीराम कँडेलले बुबाआमा छबिलाल/सरस्वती कँडेलको नाममा १ लाख ११ हजार १ सय ११ रुपैयाँको अक्षयकोष स्थापना गरेका हुन्। सोही कार्यक्रममा सागर पौडेलले बुबाआमा राकेश/बिजया पौडेलको नाममा ५० हजार रुपैयाँ र शिक्षक अभिभावक संघका अध्यक्ष सन्दिप अधिकारीले हजुरआमा दमयन्ती अधिकारीको नाममा १५ हजार रुपैयाँ विद्यालयलाई चन्दा स्वरुप सहयोग गर्नुभएको प्रअ शिबराज अधिकारीले जानकारी दिनुभयो। कार्यक्रममा कक्षा नर्सरी देखि कक्षा १२ सम्मका शैक्षिक तथा अतिरिक्त क्रियाकलापमा उत्कृष्ट विद्यार्थीहरुलाई पुरस्कार बितरण गरिएको भने बिभिन्न शिर्षकमा स्थापना भएको अक्षयकोषबाट विद्यार्थीहरुलाई छात्रवृति समेत प्रदान गरिएको विद्यालयले जनाएको छ। कार्यक्रममा विद्यार्थीहरुले साँस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७७०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।
महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४३११९०४, ९८०६५७५७६५


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपालको कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको बीच बीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।





सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५२१५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।

- पल क्लिथेरोई

**सम्पादकीय**

# रंगको पर्वको महत्व बढ्दै

बसन्त ऋतुको आगमनसँगै आपसी मेलमिलाप र सद्भावको पर्वको रुपमा फागु पुर्णिमालाई लिने गरिन्छ। फाल्गुण शुक्ल पूर्णिमाका दिन मनाइने फागु पर्व पहाडी जिल्लामा हर्षोल्लासका साथ मनाइने गरीन्छ । तराइमा भने त्यसको भोलीपल्ट मनाइने गरिन्छ । फागु पर्वमा विभिन्न रंग दलेर मनाउने गरिन्छ । फागु पूर्णिमा धार्मिक कथासँग जोडिएको पर्व हो । त्रेतायुगमा दैत्यराज हिरण्यकश्यपुले विष्णु भक्त आफ्ना पुत्र प्रल्हादलाई मार्ने उद्देश्यले ब्रम्हाबाट आगोले हुन नसक्ने बरदान पाएकी आफ्नी बहिनी होल्लिकालाई प्रल्हदका साथ दन्किरहेको आगोमा पस्न लगाउदा होलिका आफैं भष्म भएकी तर भक्त प्रल्हादलाई आगोले छुन नसकेको कथा फागुसँग जोडिएको छ ।

शक्तिको दुरुपयोग गर्ने प्रवृत्तिको प्रतिक बनेकी होलिका मारिएको उपलक्ष्यमा फागु खेल्ने परम्परा चलेको मानिन्छ । द्वापरयुगमा श्रीकृष्ण भगवानलाई मार्न मामा कंशद्वारा पठाइएको राक्षस्नी पुतनाले विष दलिएको स्तन चुसाउन लाग्दा असफल भइ मारिइन । पुतनालाई गोपालवासीले जलाई फागु महोत्सव मनाउने परम्परा चलेको धर्मग्रन्थमा उल्लेख छ। अनेक मिथकमा आधारित फागु वा होली हाम्रो मौलिक पर्व हो । फागु वा होलीलाई रंगको पर्वको रुपमा समेत मनाउने गरिन्छ। नेपालका हिमाल, पहाड र तराइमा मनाउने गरिन्छ । मुस्ताङमा थकालीहरुले तोरन्त भनेर मनाउँछन् । फागुमा प्रयोग हुने रंगमा रातो रंगलाई विजयको प्रतिक मानिने गरिन्छ। होलीका दहनलाई सत्यको विजय भएको ठानी विजयप्रकट गर्ने रातो रंग प्रयोग हुने गरेको छ। निलो रंग मानवता र धैर्यतालाई दर्शाउँछ। पहेलो रंग भगवान श्रीकृष्णको प्रिय रंग हो ।

होलीले मानिस अनि रंगहरुवीचको सम्वन्ध र रंगले पार्ने उत्साह वा बारेमा व्याख्या गरेर रंगको पर्वको रुपमा लिने गरिएको छ । यो पर्व नेपालको सबै भूगोल, हिन्दु, बौद्ध र मुस्लिम धर्म मान्नेले पनि मनाउने गरेका छन् । सबै उमेर समुहले फागु मनाउने गर्दछन् । फागु पर्वमा पहाड र तराईमा छुट्टाछुट्टै दिन सार्वजनिक विदा दिने गरिएको छ। सबै समुदायका नेपालीवीच एक आपसमा भाइचारा र घनिष्टता अभिवृद्धि गर्न सघाउँदै आएको छ । चाडपर्वहरु मनाउँदा त्यसको ऐतिहासिक र सांस्कृतिक महत्ववारे जानकारी दिने काम कम हुँदै गएको छ। हरेक चाडपर्व अहिले व्यापार गर्ने माध्यम भएका छन् । खेतवारी, जंगल या प्रकृतिमा उम्रेका या भेटिने प्राकृतिक रंग प्रयोग गरेर खेलिने फागु आयातित रंगको प्रयोग हुने गरेको छ । मानव स्वास्थ्यमा असर पार्ने रंगको प्रयोग गर्ने, टिसर्ट बनाएर बेच्ने, मादक पदार्थ र पेय पदार्थ बेच्ने अवसरको रुपमा लिने गरिएको छ।

रंग दल्ने भन्दा पिचकारी छ्याप्ने काम भएका छन्। हाम्रा संस्कृतिमाथि एकपछि अर्को अतिक्रमण भएको छ। पर्वहरु हाम्रो जीवनका पर्याय हुन् । पर्व मनाउँदा सु-स्वास्थ्य र दिर्घायुको कामना गर्ने गरिन्छ। पूजीवादले मानवको स्वास्थ्य, दिर्घायू र खुशी भन्दा व्यापारलाई जोड दि“दा पर्वमा विकृति भित्रीएका छन् । आयातित सामानले मौलिकता हराउ“दै गएको छ । पर्व बुझेर मनाउने र मानव जीवनलाई असर पुऱ्याउने रंग र अन्य बस्तु भन्दा प्राकृतिकको प्रयोग गरेमा पर्वको सान्र्दभिकता वढेर जानेछ। बजारको लहलहैमा बस्तु र सामाग्रीको प्रयोग गरेमा स्वास्थ्यमा असर पुग्ने र मौलिकता हराउदै जान्छ । ।हामीले मनाउने चाडपर्वको महत्त्व बुझ्नु र बुझाउनुपर्छ । बुझेर मनाउन सकेमा चाडपर्वको महत्त्व बढेर जानेछ।


**तपाईको आज**

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : मन चञ्चल |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पोखराको नयाँ पर्यटकीय गन्तव्य बन्दै पचभैया प्राणी उद्यान केन्द्र

- वासुदेव पौडेल

पोखरा, २० फागुन

सात तालको बगैँचा सहर लेखनाथको पचभैयामा निर्मित पचभैया प्राणी उद्यान केन्द्र सर्वसाधारणका लागि खुला भएको छ । बृहत् पोखराको अवधारणाअनुसार यहाँको नयाँ पर्यटकीय आकर्षणका रूपमा लेखनाथ क्षेत्रका पचभैया, चैनपुर र चापापानी चिसाकुना सामुदायिक वनलाई समेटेर प्राणी उद्यान केन्द्र निर्माण गरिएको हो ।

गण्डकी प्रदेश सरकारअन्तर्गत डिभिजन वन कार्यालय कास्कीले हेर्ने गरी स्थानीयवासी, वन उपभोक्ता समितिका प्रतिनिधि र युनाइटेड क्लबका प्रतिनिधिसहितको सहभागितामा व्यवस्थापन समितिसमेत गठन गर्दै केन्द्र सञ्चालनमा ल्याइएको हो । खुला चिडियाखानाको अवधारणासहित सञ्चालनमा आएको केन्द्र सर्वसाधारणका लागि खुला गरिएको पचभैया प्राणी उद्यान केन्द्र व्यवस्थापन समितिका अध्यक्ष दीनानाथ ढकालले जानकारी दिनुभयो । उहाँका अनुसार केन्द्रको अवलोकन गर्न विद्यार्थीका लागि रु १५ र अन्य सर्वसाधारणका लागि रु २५ टिकट दस्तुर तोकिएको छ।

पछिल्लो समयमा विभिन्न विद्यालयबाट विद्यार्थी केन्द्रको अवलोकनका लागि आउने गरेको बताउँदै उहाँले आगामी दिनमा यो पोखराको अर्को नयाँ पर्यटकीय गन्तव्य बन्ने विश्वास व्यक्त गर्नुभयो । केन्द्रमा पुग्ने सर्वसाधारणले त्यहाँ चितुवा, निलगाई, रतुवा मृग, चित्तल, चरीबाग, वन बिरालो, स्याल, अजिङ्गर, सेता गिद्ध, लाटोकोसेरो, मयुर, कछुवा आदि गरी विभिन्न २२-२३ प्रजातिका वन्यजन्तु तथा पक्षी अवलोकन गर्न पाउने उहाँले बताउनुभयो।

वन्यजन्तुको अवलोकनसँगै यस क्षेत्रमा रहेका विभिन्न धार्मिक एवं सांस्कृतिकस्थलको संरक्षण र प्रवर्द्धनमा पनि जोड दिइएको ढकालले बताउनुभयो । "खुला चिडियाखनासँगै यस क्षेत्रका ऐतिहासिक एवं धार्मिक महत्वका सीता गुफा, बज्रमुष्ठी मन्दिर, नागाबाबाको तपस्थलको पनि संरक्षण र विकास गर्ने हाम्रो लक्ष्य छ", उहाँले भन्नुभयो, "यी स्थललाई पनि यहाँको पर्यटनसँग जोड्ने धेरै सम्भावना छन्।"

सीता गुफा राम्रै पर्यटकीय गन्तव्य बन्न सक्ने भए पनि यसको संरक्षणसँगै प्रचार-प्रसार हुन नसकेको उहाँको भनाइ छ। धार्मिक महत्वको बज्रमुष्ठी मन्दिरसँगै देवनाथ बाबाले सिद्धिप्राप्त गरेको भुशनपुरको थाप्लोलाई पनि संरक्षण गरी धार्मिक पर्यटनको गन्तव्य बनाउन सकिने सम्भावना रहेको ढकालले बताउनुभयो । स्थानीयले यसै क्षेत्रमा प्राचीनकालदेखि रहेको प्राकृतिक तोरी पोल्ने कोललाई पनि संरक्षण गर्नुपर्नेमा जोड दिँदै आएका छन् । यस क्षेत्रमा चिडियाखाना स्थापना गर्ने सोच विसं २०६७ देखि सुरु भएको युनाइटेड क्लबका पूर्वअध्यक्ष एवं अभियन्ता हिमालय बखेल बताउनुहुन्छ । क्लबको पहल एवं स्थानीयवासीको सक्रियतामा यसको निर्माणकार्य अघि बढी सञ्चालनको अवस्थासम्म आउनु आफैँमा महत्वपूर्ण रहेको उहाँले बताउनुभयो । चिडियाखानाको विसं २०७२ साउन १५ गते तत्कालीन स्वास्थ्यमन्त्री खगराज अधिकारीले शिलान्यास गर्नुभएको थियो । युनाइटेड क्लबले प्रत्येक वर्ष गर्दै आएको पोखरा महोत्सवको आम्दानीको २० प्रतिशत रकम यही चिडियाखाना निर्माणकै लागि छुट्याइएको उहाँले जानकारी दिनुभयो । केन्द्र परिसर एवं रुपाताल क्षेत्रमा चार सय ५० प्रजातिका जीवजन्तु तथा वनस्पति पाइन्छ । रुपातालमा २४ प्रजातिका माछाका साथै विभिन्न ३६ प्रजातिका चरा पाइन्छन्।

केन्द्रको पूर्वी भाग रुपातालसँग जोडिएको हुँदा यसको निर्माणसँगै रुपातालको पनि संरक्षण हुने स्थानीयको विश्वास छ । पोखराबाट जम्मा २५ किमी टाढा रहेको पचभैयामा निर्मित प्राणी उद्यान केन्द्र पोखरामा पर्यटकको बसाइ लम्ब्याउन पनि उत्तिकै महत्वपूर्ण बन्ने विश्वास लिइएको चापापानी चिसाकुना सामुदायिक वनका उपाध्यक्ष निर्मल अधिकारीले बताउनुभयो। पर्यटक लक्षित गरी गण्डकी प्रदेश सरकारको सहयोगमा चापापानीबाट भ्यूटावर र रुपाताल जाने पदमार्ग रु १५-१५ लाखको लागतमा निर्माण गरिएको छ । केन्द्र सञ्चालनका लागि अघिल्लो वर्ष प्रदेश सरकारबाट रु एक करोड ५० लाख छुट्याइएको डिभिजन वन कार्यालय कास्कीका प्रमुख केदार बरालले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त रकमबाट पदमार्गसँगै केन्द्र जाने लिङ्करोडका भत्किएका बाटो मर्मत, जनावर राख्ने 'केज'हरू निर्माण, 'डाटिङ गन' खरिद आदि काम गरिएको उहाँले जानकारी दिनुभयो। यस वर्ष केन्द्रका लागि रु ४० लाख विनियोजन गरिएको छ । केन्द्रको सञ्चालनका लागि एक जना व्यवस्थापकसहित तीन सहयोगी कर्मचारी राखिएको छ।

# उत्कृष्ट बन्यो जैमिनी

पोखरापत्र संवाददाता

बागलुङ, २० फागुन

बागलुङ जिल्लाका १० पालिकामध्ये कार्य सम्पादनमा जैमिनी नगरपालिका उत्कृष्ट भएको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हालै सार्वजनिक प्रतिवेदनअनुसार कार्य सम्पादन मूल्याङ्कनमा बागलुङको जैमिनी नगरपालिका उत्कृष्ट भएको छ।

आयोगले आर्थिक वर्ष २०८०/८१ का लागि वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने प्रयोजनका लागि कार्य सम्पादन मूल्याङ्कनमा जैमिनी नगरपालिका उत्कृष्ट भएको हो । आयोगले स्थानीय तहले प्रविष्ठ गरेको विभिन्न १७ वटा सूचकाङ्कका आधारमा जिल्लाका १० पालिकामध्ये जैमिनी नगरपालिकाले सबैभन्दा बढी अङ्क प्राप्त गरी प्रथम हुन सफल भएको हो।

जैमिनी नगरपालिकाले ६७ दशमलव ७३ अङ्क प्राप्त गरेको छ। नगरपालिकाले लिएको लक्ष्य, पारदर्शीता, सुशासन तथा कार्य सम्पादनका आधारमा जिल्लाका पालिकामध्ये सबैभन्दा बढी अङ्क प्राप्त गरेको जैमिनी नगरपालिकाका नगर उपप्रमुख हरिहर शर्माले जानकारी दिनुभयो।

# चापापानी सिद्धार्थ सहकारीको संस्थाको प्रशिक्षण सम्पन्न

पोखरापत्र संवाददाता

पोखरा, २० फागुन




चापापानी सिद्धार्थ बचत तथा ऋण सहकारी संस्था लिमिटेड पोखरा १२ पुरानोधाराको सहकारी शिक्षा तालिम तथा बनभोज कार्यक्रम सम्पन्न भएको छ।

चापापानी सिद्धार्थ बचत तथा ऋण सहकारी संस्थाको सहकारी शिक्षा तालिम तथा बनभोज कार्यक्रमका प्रमुख अतिथि भुमि ब्यबस्था कृषि सहकारी तथा गरीवी निवारण मन्त्रालय गण्डकी प्रदेशका सहकारी रजिष्टारको कार्यालयका रजिष्टार तथा प्रवक्ता चोलाकान्त वाग्लेले सहकारीका सदस्यहरुलाई यस्ता सहकारी शिक्षा तालिमले सदस्यहरुलाई सहकारी भनेको केहो भन्ने कुराको जानकारी हुने बताउदै अहिले बजारमा जुन नाफाको पछि सहकारीहरू हिडेका छन त्यस्ता सहकारीहरू र जुन सहकारी प्राईभेट किसिमले चलेका छन त्यस्ता सहकारीहरू जोखीममा रहेका बताउदै सहकारीले धेरै निक्षेप संकलन गर्देमा सहकारी राम्रो नहुने बताए।

चापापानी सिद्धार्थ बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष नरेश बहादुर कार्कोले चापापानी सिद्धार्थ बचत तथा ऋण सहकारी संस्था कास्कीका औलामा गनिने सहकारीहरु मध्यमा चिनिने सस्था भएकोले सहकारीका सदस्यहरुले आफ्नै सहकारीमा आर्थिक कारोबार गरी संस्थालाई बलियो बनाउनुपर्ने बताउदै सहकारीलाई आगामी दिनमा खराब ऋणलाइ कानुनी उपचार गरी उठाउन लागीएको बताए । कार्यक्रममा दैवि प्रकोपमा पर्नुभएकी सेयर सदस्य अग्नी पिडित योगमाया गुरूङलाई कल्याणकारी कोषबाट बिस हजार तथा सहकारीले सामाजिक उतरदायित्व अन्तरग चापापानी आमा समुहको भवन निर्माणको लागी पन्ध्र हजार सयोग गरेको थियो । चापापानी सिद्वार्थ बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष नरेश बहादुर कार्कोको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सचिव श्याम प्रसाद साँखीले कार्यक्रम सन्चालन गरेका थिए भने सहकारीका सहसचिव तथा कार्यक्रम संयोजक दिपक काकीले स्वागत मन्तब्य ब्यक्त गरेका थिए भने सहकारीकी व्यवस्थापक करुणा शाहीले सहकारीका सात सिद्वान्त बाचन गरेकी थिइन्।

# पर्यटन प्रवर्द्धनका लागि 'व्यास नगर म्याराथन'

पोखरापत्र संवाददाता

तनहुँ, २० फागुन

धार्मिक र ऐतिहासिक क्षेत्र जोड्न र पर्यटन प्रवर्द्धन गर्नका लागि तनहुँको व्यास नगरपालिकाले तेस्रो व्यास नगर म्याराथनको आयोजना गरेको छ।

यही फागुन २४ मा अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा महिला हाफ खुल्ला म्याराथन हुन लागेको हो । व्यास नगरपालिका-३ स्थित धार्मिक क्षेत्र व्यास गुफादेखि व्यास-११ ऐतिहासिकस्थल तनहुँसूरसम्मको २१ किलोमिटर दुरीमा दौड प्रतियोगिताको आयोजना गरेको व्यासका सूचना प्रविधि अधिकृत विशाल पण्डितले जानकारी दिनुभयो। पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्न व्यास नगरपालिकाले व्यास गुफादेखि तनहुँसुर सम्मको २१ किलोमिटर दुरीको हाफ म्याराथन प्रतियोगिताको आयोजना गरेको हो। चारवेद १८ पुराणका रचायित्व व्यास ऋषिको तपोभूमिको रुपमा व्यास गुफा क्षेत्र परिचित छ । त्यसैगरी तत्कालीन पाल्पाका राजा मणिमुकुन्द सेनले आफ्नो जेठो छोरा भृङ्गीसेनलाई सन् १६१० मा तनहुँमा राज्य सञ्चालन गर्न पठाएको र उनी पछिका आठ सेनवंशी राजाले दुई सय ३० वर्ष तनहुँसरमा राज्य सञ्चालन गरेको इतिहास छ । उक्त दुई स्थानलाई जोड्दै आन्तरिक एवं वाह्य पर्यटक प्रवर्द्धन गरी आर्थिकरुपमा सबल बनाउने लक्ष्यका साथ बिगत तीन वर्षदेखि म्याराथन हुँदै आएको छ। उक्त स्थानमा अझै पनि तत्कालीन अवस्थामा प्रयोग गरिएका तोप लगायतका हातहतियार र सेनवंशीय राजदरबार जीर्ण भएर भत्किएको अवस्थामा छन् । व्यास नगरपालिकाकी उपप्रमुख इन्दिरा दरैको संयोजकत्वमा तेस्रो महिला हाफ म्याराथन सम्पन्न गर्न आयोजक समिति गठन गरेर प्रक्रियाअघि बढाइएको नगरपालिकाले जनाएको छ। व्यास गुफादेखि सफा सडक हुँदै तालघरे, मुसेखोला, घाँसीकुवा, परासर मार्गको सेरा, बेलटारी, अर्चलचौर, धरमपानी हुँदै तनहुँसुर दरबारसम्म पुगेर म्याराथनको सम्पन्न हुनेछ । प्रतियोगितामा प्रथम हुने धावकले रु ४१ हजार ७९, द्वितीय हुनेले रु ३१ हजार ७९ र तृतीय हुने धावकले रु २१ हजार ७९ छ।

# मर्दी पदयात्रामा केन्द्रीय प्रसारण लाइनको विद्युत् पुऱ्याइँदै

पोखरापत्र संवाददाता

पोखरा, २० फागुन

जिल्लाको उत्तर पश्चिममा रहेको मर्दी हिमाल पदयात्रा विश्वमै प्रख्यात छ । दशकअघिसम्म गुमनाम जस्तै रहेको माछापुच्छ्रे गाउँपालिकामा पर्ने यो 'ट्रेकिङ रुट' पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा छ । हाल मर्दीमा क्षेत्रभरिका पर्यटक भेटिन्छन् । पर्यटकलाई सेवा दिन यहाँ सानाठूला गरी ८० होटल तथा रेष्टुरेन्ट खुलेका छन्।

बर्सेनी पर्यटक वृद्धि भए पनि पर्यटकले विद्युत्, इन्टरनेट र टेलिफोनको सुविधा पदयात्रामा पाउन सकेका छैनन् । मर्दीमा नेपाल विद्युत् प्राधिकरणको केन्द्रीय प्रसारण लाइन अझै पुग्न नसक्दा बत्ती बाल्नदेखि लिएर मोबाइल चार्ज गर्न समस्या छ।

मर्दीको कालीमाटी र घलेल तथा प्रितम देउरालीसम्म मात्र अहिले प्राधिकरणको विद्युत् सेवा पुगेको छ । त्यसबाट पर्यटकले हैरानी पाउने गरेका छन्। बिजुली बत्ती नहुनु मर्दीको प्रमुख समस्या हो। मर्दी क्षेत्रका पर्यटन व्यवसायी, गाउँपालिका लगायतको प्रयासपछि अब भने मर्दी पदयात्रामा प्राधिकरणले केन्द्रीय प्रसारण लाइनको विद्युत् सुविधा विस्तारको तयारी गरेको छ। मर्दीको माथिल्लो क्षेत्रसम्मै बिजुली पुऱ्याउनका लागि नेपाल विद्युत् प्राधिकरण गण्डकी प्रादेशिक कार्यालयले ठेक्का आह्वान गरेर सम्झौताको तयारी भएको माछापुच्छ्रे-८ का वडाध्यक्ष राम गुरुङले बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले लामो समयदेखि मर्दीमा विद्युतीकरणका लागि माग गरेका थियौं, अहिले केन्द्रीय प्रसारण लाइनबाट बिजुली विस्तारका लागि प्राधिकरणबाट ठेक्का आह्वान भएर केही दिनमा खुल्दैछ, मर्दीको पर्यटनमा यसले ठूलो योगदान पुग्नेछ।"

विद्युत् विस्तारका लागि माछापुच्छ्रेको सिदिङ वा कालीमाटीको ट्रान्सफर्मरबाट माथिल्लोक्याम्पसम्महाइटेन्सनमार्फत लैजाने गरी पोखरा वितरण केन्द्रले गत वर्ष अध्ययन गरे पनि काम सुरु भएको थिएन । यस वर्षको सुरुआतमै प्राधिकरणले प्राथमिकतामा राखेर काम अघि बढाएको थियो।

मर्दी हिमाल ट्रेक व्यवस्थापन समितिका संस्थापक सचिव एवं मर्दी हिमाल इको भिलेजका सञ्चालक शिवप्रसाद भण्डारीले विद्युत् नहुँदा पदयात्रामा आउने पर्यटकलाई मोबाइल र क्यामेरा चार्जदेखि इन्टरनेट सुविधा उपलब्ध गराउनसमेत कठिन भएको बताउनुभयो । मर्दीको केही क्षेत्रमा सोलारबाट बत्ती बाल्ने र इन्टरनेट सुविधा रहे पनि मौसम प्रतिकूल हुँदा समस्या पर्ने गरेको थियो। "मर्दी क्षेत्रको मुख्य समस्या भनेकै बिजुली बत्तीको थियो, बिजुली नहुँदा पर्यटकलाई चाहेजस्तो सुविधा दिन सकिएको छैन, पर्यटक बढेसँगै होटल अत्यधिक बढे तर पर्यटकलाई सुविधा भएन, अहिले बिजुली लैजान ठेक्का आह्वानसँगै हामी उत्साहित छौं", पर्यटन व्यवसायी भण्डारीले भन्नुभयो।

मर्दी क्षेत्रमा पर्यटकको चाप बढेसँगै होटल खुल्ने क्रम वृद्धि भए पनि बिजुली नहुँदा समस्यामा परेको पर्यटन व्यवसायीको गुनासो थियो। मर्दी हिमाल पदयात्रा क्षेत्रको डुँढखर्क, फरेष्ट क्याम्प, रेष्ट क्याम्प, लो क्याम्प, बादलडाँडा र हाइक्याम्प क्षेत्रमा पर्यटकलाई सेवा दिनका लागि होटल सञ्चालनमा छन्।

# स्याङजाको कोल्मामा तेश्रो संस्करणको क्रसकन्ट्री दौड प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २० फागुन

स्याङ्जाको कोल्मामा फागुनको २६ गते तेश्रो संस्करणको क्रसकन्ट्री दौड प्रतियोगिता हुने भएको छ।

सात सय कोल्मा बहाकोट सम्पर्क मञ्चको आयोजनामा हुने उक्त प्रतियोगिताको तयारी तीब्र पारिएको छ। स्वास्थ्यका लागी दौड, राष्ट्रका लागी दौड भन्ने मुल नाराका साथ कोल्मा क्षेत्रको पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले उक्त प्रतियोगिताको आयोजना गरिएको सात सय कोल्मा बहाकोट सम्पर्क मञ्चका अध्यक्ष सुवेदार मेजर जीत बहादुर गुरुङले जानकारी दिनुभयो । स्याङ्जाको पुतलिबजार नगरपालिका वडा नम्बर ९ को कोल्मा बहाकोट सहित, तनहुको शुक्लागण्डकी र बिरुवा गाँउपालिकालाई समेटेर उक्त क्षेत्रमा रहेको सांस्कृतिक तथा ऐतिहांसिक पक्षहरुलाई उजागर गर्ने उद्देश्यले क्रस कन्ट्री दौडको आयोजना गरिएको बताउदै अध्यक्ष गुरुङले ग्रामीण भेगमा आर्थिक बिकास गर्न सकेको खण्डमा गाँउ बस्ती रित्तिनबाट जोगिन सक्ने बताउनुभयो।

दौड संगै स्थानीय कला संस्कृतीको प्रदर्शन र होमस्टे साँझ समेत उक्त कार्यक्रममा समेटिने छ। २० किलो मिटर खुल्ला पुरुष र २१ वर्ष मुनिका १० किलोमिटर पुरुष गरी दुई विद्यामा सञ्चालन हुने उक्त प्रतियोगितामा सहभागीहरुले कोल्मा बराहचौरदेखी, काहुले, डाँडा स्वारा, नाम्चे, काल्खु, तनहुको शुक्ला गण्डकी नगरपालिका ११ बिसाउना, विरुवा गाउपालिकाको खुदी, मड्किना हुदै कोल्मा बराहचौरमा पुग्नुपर्नेछ । प्रतियोगितामा खुल्ला पुरुषतर्फ प्रमथ हुनेले नगद ३५ हजार, मेडल र प्रमाण पत्र, द्धितिय हुनेले नगद २५ हजार, मेडल र प्रमाण पत्र र तृतीय हुनेले नगद २० हजार, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछनभने २१ बर्ष मुनिका पुरुष १० किलोमिटर दौडतर्फ प्रथम, द्धितिय र तृतिय हुनेले क्रमश नगद १५ हजार, १० हजार र ७ हजार, मेडल र प्रमाणपत्र प्राप्तगर्नेछन। प्रतियोगितामा १० औ स्थान सम्म आउने प्रतियोगीहरुलाई मेडल र प्रमाण पत्रले सम्मान गरिने मञ्चका महासचिव मन बहादुर थापा मगरले जानकारी दिनुभयो।

अघिल्लो संस्करणको ३१ किलोमिटर खुल्ला पुरुषतर्फ नेपाली सेनाका हवलदार राजन खत्रीले उपाधी चुमेका थिएभने १४ किलोमिटर दौडमा कलम प्रसाद श्रेष्ठले उपाधी चुमेका थिए।

कार्यक्रममा एनआरएन युके र विदेशमा रहेका कोल्मा बहाकोट चारथुम बासी, स्थानिय संघ सस्था, युवा क्लव, आमा समुह, स्थानीय सरकार, स्वयंसेवक एवं सुरक्षाकर्मीको विशेष सहयोग रहने समेत थापा मगरले जानकारी दिनुभयो।

# रविनको अध्यक्षतामा सिद्धार्थराजमार्ग टोल विकास समिति

**प्रतिक्षा पौडेल/समिक्षा गौतम**
पोखरा, २० फागुन



पोखरा महानगरपालिका वडा नम्बर १७, छोरेपाटनमा सिद्धार्थराजमार्ग टोल विकास समितिको तदर्थ समिति गठन गरिएको छ।

शनिबार विहान दुर्गा मन्दिर परिषरमा भएको टोल भेलाले रविन गुरुङ्गको अध्यक्षतामा नौं सदस्यित तदर्थ समिति गठन गरेको हो। समितिको उपाध्यक्षमा राममाया वास्ताकोटी, सचिवमा बेदराज ढकाल तथा कोषाध्यक्षमा वेदप्रसाद अधिकारी चयन भए । समितिको सदस्यहरुमा सरिता शर्मा, हिमलाल पौडेल, संजोग प्रधान, थमन परियार र विमल अधिकारी रहेका छन्।

टोलका जेष्ठ नागरिक शोभाखर ढकालको प्रमुख आतिथ्यतामा भएको भेलाले उक्त समिति गठन गरेको हो। सो अवसरमा ढकालले टोल भित्रका विकृती विसंगती हटाउँदै स्वच्छ शान्त टोल निर्माणमा समिति लाग्नुपर्ने बताए। भेला पछि गठन भएको समिति टोल विकासमा लाग्ने अध्यक्ष गुरुङ्गले प्रतिवद्धता जाहेर गरे।

# संगमको रक्तदानमा ३० युनिट संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, २० फागुन




पोखरा १५ मा अवस्थित संगम बचत तथा ऋण सहकारी संस्था लिमिटेडले रक्तदान तथा निःशुल्क स्वास्थ्य परिक्षण कार्यक्रम सम्पन्न गरेको छ।

प्रादेशिक रक्तसंचार केन्द्र पोखराको प्राविधिक सहयोग रहेको रक्तदान कार्यक्रममा ३० युनिट रगत संकलन भएको छ , जसमा ७ जनाले पहिलोपटक रक्तदान गरेका थिए । त्यसैगरी पोखरा-१० स्थित ग्यालेक्सी हस्पिटलको सहकार्यमा स्वास्थ्य परिक्षण अन्तर्गत निःशुल्क सुगर, प्रेसरको जाँच सहित अन्य स्वास्थ्य परिक्षणबाट शेयर सदस्य र वडाबासी गरि ७१ जना लाभान्वित भएका छन् । सो कार्यक्रममा प्रमुख अतिथि वरिष्ठ बालरोग विशेषज्ञ सह प्रा.डा. नम्रता के.सी.(थापा ) ले आफू कार्यरत अस्पतालमा हिजो मात्रै पनि तीन जना बिरामीलाई रगत दिएर बचाइएको स्मरण गर्दै आज गरेको रक्तदान बास्तवमा जीवन दान नै भएको बताइन् । त्यस्तै सो कार्यक्रमका अध्यक्ष बुद्धिमान थापाले पुन्य कार्यमा जुट्ने रक्तदाताका साथै प्राबिधिक सहयोग गर्ने रेडक्रस सोसाइटी र ग्यालेक्सी हस्पिटललाई धन्यवाद व्यक्त गरे। लेखा सुपरिवेक्षण समिति संयोजक भोविन्द्र गिरीले स्वास्थ्य जस्तो सबैको सरोकारको कार्यक्रम आयोजना गरेकोमा खुसी व्यक्त गर्दै शिक्षा उपसमितिलाई धन्यवाद दिए। ग्यालेक्सी हस्पिटलसँग स्वास्थ्य सेवामा विविध छुट सहितको सम्झौता गरेको सो कार्यक्रममा संचालक समिति सदस्य भुपेन्द्र गौचन, शिक्षा उप-समिति सदस्य सरस्वती अधिकारी, वरिष्ठ व्यवस्थापक बृहस्पति अधिकारी, सुपरभाइजर विकल्प कुँवर लगायतले बोलेका थिए। १९ पटक रक्तदान गरेका शिक्षा उप-समिति सदस्य तुल बहादुर गुरूङको संयोजकत्वमा भएको कार्यक्रम संचालक सदस्य तिलक थापाले संचालन गरेका थिए।

# पोखराका विष्णु अब रुपन्देहीमा टेनिस प्रशिक्षक

**पोखरापत्र संवाददाता**
पोखरा, २० फागुन



लामो समयदेखि पोखराको टेनिसमा क्रियाशिल खेलाडी तथा प्रशिक्षक विष्णु नेपालीले अब रुपन्देहीमा टेनिस प्रशिक्षकका रुपमा काम गर्ने भएका छन् । पोखरा-५, पर्स्याङका विष्णु झण्डै १५ वर्ष देखि पोखराको टेनिसमा आवद्ध छन् । सानै उमेरबाट टेनिस कोर्टमा सहयोगीका रुपमा काम गर्दै आएका उनले खेलाडीका रुपमा विभिन्न राष्ट्रिय तथा स्थानिय प्रतियोगिताहरुमा पदक जितिसकेका छन् । पछिल्लो समय उनले यहाँका जुनियर खेलाडीहरुलाई प्रशिक्षण समेत दिँदै आएका थिए। कास्की जिल्ला टेनिस संघले उनलाई शनिबार एक समारोहका विच विदाई समेत गऱ्यो।

सो अवसरमा नेपाल टेनिस संघका उपाध्यक्ष विनोद कायस्थले पोखरेली खेलाडीहरुले टेनिसमा उत्कष्ट प्रदर्शन गर्दै आएकोमा खुसि व्यक्त गरे।

संघ कास्कीका अध्यक्ष लोक गुरुङ्ग, उपाध्यक्षद्धय नविन चालिसे, राजु गुरुङ्ग, सचिव नविन श्रेष्ठ, कोषाध्यक्ष अनुज बाँस्तोला, सदस्य भिष्मराज पौडेल, सल्लाहकार समिर शेरचन, गोपी भट्टराई, सूर्य भुजेल, बसन्त प्रधान तथा पोखरेली खेलाडी एवं प्रशिक्षकहरुले उनलाई सफलताको शुभकामना प्रदान गरेका थिए । खेलाडीहरुको अथक मेहनत र प्रयासका कारण अहिले देश विदेशमा पोखरेली टेनिस खेलाडीहरुले प्रशिक्षकका जिम्मेवारी सम्हाल्ने अवसर पाएको कायस्थले जनाए । पोखरेली टेनिस स्टारहरु कुमार अधिकारी, शक्ति सर्मा, निरज गुरुङ्ग, नविन मगर, प्रदीप खड्का लगायतले माल्दिभ्समा तथा महेश्वर तिवारीले कुवेतमा टेनिस प्रशिक्षकका रुपमा काम गरिसकेका छन्।

Phedikhola Rural Municipality
Office of Rural Municipal Executive
Phedikhola, Syangja
Gandaki Province, Nepal

## Invitation for Bids

**First date of Publication: 5th March, 2023**

1. Phedikhola Rural Municipality has allocated funds towards the cost of Maintenance of Phedikhola Mirudanda Kalabhairab Nuwakot Rural Road at CH 0+250 to 2+000 under contract ID:32-PRM-W-NCB-MT-079-80 at Ward No. 2 of Phedikhola Rural Municipality and intends to apply part of the funds to cover eligible payments under the Contract for contract ID: 32-PRM-W-NCB-MT-079-80. The estimated cost of the work is NRs. 3,625,650.05 (Including overhead, VAT & PS). Bidding is open to all eligible Nepalese Bidders.
2. Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja invites electronic bids only from eligible bidders for the Maintenance of Phedikhola Mirudanda Kalabhairab Nuwakot Rural Road at CH 0+250 to 2+000 under contract ID:32-PRM-W-NCB-MT-079-80 at Ward No. 2 of Phedikhola Rural Municipality under National Competitive Bidding procedures.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja; website: www.phedikholamun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidders are requested to submit their bid electronically using PPMO website www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit NRs. 3000.00 in the office's Aantarik Rajaswa Khata (revenue) account as specified below as cost of bidding document and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Prime Bank Limited, Phedikhola, Syangja; Name of Office: Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja; Office Account Number: 06500308CA; Name of account: Aantarik Rajaswa Khata of Phedikhola Rural Municipality; Revenue heading Number: Ga 1-1
5. Electronic bids must be submitted to the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 hrs on 04-April-2023. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 12:00 hrs on 04-April-2023 at the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by scanned copy of the bid security in pdf format, amounting to a minimum of NRs.91,000.00, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

# दृष्टिबिहिन क्रिकेट खेलाडीहरुलाई प्रशिक्षण सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २० फागुन

नेत्र हिन क्रिकेट संघ कास्कीको आयोजनामा शनिबारदेखि पोखरामा प्रशिक्षण सुरु भएको छ।

गण्डकी प्रदेशको सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालयको सहयोगमा पाँच दिन चल्ने उक्त प्रशिक्षणको एक समारोहका बिच शनिबार प्रदेश खेलकुद परिषदका सदस्य एवं नेत्र हिन क्रिकेट संघका केन्द्रिय महासचिव अमृत बरालले उद्घाटन गरे।

कार्यक्रममा बोल्दै उनले शारीरिक रुपमा कुनै न कुनै रुपमा अपाङ भए पनि अवसर प्रदान गरेको खण्डमा उनीहरुले समाजमा उदाहरणीय कार्य गर्न सक्ने दाबी गरे । नेतृत्व विकास, पत्रकारिता, गमनशिलता लगायतको बिषयमा प्रशिक्षण हुने भएको छ भने नेत्रहिन महिला क्रिकेट खेलाडी छनौट समेत हुने भएको संघका केन्द्रिय सचिब निलकण्ठ तिमिल्सिनाले बताए।

क्रिकेटका प्रशिक्षक रिजन प्रजु, नेत्र हिन संघका केन्द्रिय महासचिव शिशिर खनाल, नेत्र हिन युवा संघ कास्कीका अध्यक्ष सुर्य भट्टराई लगायतले प्रशिक्षण गराउने भएका छन भने आउदो वैशाख १२ र १३ गते भारतसंग हुने टि ट्वान्टी दृष्टिविहिन महिला क्रिकेट प्रतियोगिताको लागि खेलाडी छनौट समेत हुने भएको हो । यस अघि भएका अन्तराष्ट्रिय दुई खेलमा वेलायत र पाकिस्तानलाई नेपालको दृष्टिविहिन महिला क्रिकेट टोलीले पराजित गरेको छ। संघका अध्यक्ष अक्षय खड्कीको अध्यक्षतामा उद्घाटन सत्र सम्पन्न भएको सचिव शेरजंग गुरुङले बताए।

त्रिभुवन विश्वविद्यालय
वन विज्ञान अध्ययन संस्थान
पोखरा क्याम्पस
पोखरा, नेपाल

**पार्किङ स्थल निर्माण गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

यस क्याम्पसको गुराँश र कस्तुरी छात्रवास नजिक पार्किङ स्थल बनाउनु पर्ने भएको हुँदा भ्याट बाहेक रु. ३,९०,२६२.७०/-(तीन लाख नब्बे हजार दुई सय बैसठ्ठी र पैसा सत्तरी मात्र) मा नबढाई कामकाज गर्न ईच्छुक, कालो सूचीमा नपरेका आधिकारिक ईजाजत प्राप्त फर्म वा पार्टीहरुबाट मिति २०७९/१२/०५ गते भित्र रीतपूर्वकको शीलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

विस्तृत जनकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला ।

क्याम्पस प्रमुख